# कृषि औजार उपकरण खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र नं. १-२०७७/७८ सँग सम्बन्धित स्पेशिफिकेशन

| सि.न. | सामानको नाम | स्पेसिफिकेशन | अधिकतम प्रतिईकाइ दर | कैफियत |
|---|---|---|---|---|
| १. | कोदालो | कोदालो ३ फिट फलामको बिड सहित, तौल Minimun 2.5 kg, जंग प्रतिरोधक | ५००।- | |
| २. | पावर स्प्रे २ इन वन | पावर स्प्रे २ इन वन , स्ट्रा स्टिल हाजेट गन र ४ थान नोजल स्ट्रा, स्टील लेन्स सहितको, एक पट्टक चार्जमा १८ टंकी छर्न मिल्ने, आपुर्ति भएको मितिले १ वर्ष ग्यारेन्टी भएको १६ लिटर क्यापासिटीको | ५५५०।- | |

खगेन्द्र गिरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

# कोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी

१ नं. प्रदेश, नेपाल

{जिन्सी शाखा}

**कृषि औजार उपकरण खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

दरभाउपत्र नं. १-२०७७/०७८

प्रथम पटक प्रकाशित मिति- २०७८/०२/१६

यस कोशी गाउँपालिकामा बहुवर्षिय योजनाको रुपमा सञ्चालित अध्यक्ष कृषि आधुनिकीकरण परियोजनाका लागि कृषि औजारहरु शिलबन्दी दरभाउपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु-**

१। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र रु.१०००/- तिरी [पछि फिर्ता नहुने गरी] दरभाउ पत्र फाराम खरिद गर्न सकिनेछ ।

२। हाल कोभिड-19 को महामारीका कारण फाराम दस्तुर कार्यालयमा नगदै बुझाउन वा बैंक दाखिला गर्न समस्या रहेको हुँदा निम्न बमोजिम गर्न सकिनेछ ।

क.फाराम दस्तुर कार्यालयको खाताKOSHI RURAL MUNICIPALITY, KOSHI.GA.PA.OFFICE GA-1.1 खाता नं. 0220018253756 मा अनलाइन भूक्तानी प्रणाली मार्फत बुझाउन सकिनेछ ।

ख.कार्यालयको खातामा बुझाउन नसकिए Esewa Id- 9842183766 मा बुझाउन सकिनेछ ।

ग.फाराम दस्तुर बुझाइएको भूक्तानी कोड र सम्बन्धित कम्पनि/फर्मको नाम सहित यस कार्यालयको इमेल koshigaupalika@gmail.comमा इमेल गर्नुपर्नेछ । इमेल प्राप्त भएपछि कार्यालयबाट सोही इमेल ठेगानामा दरभाउपत्र फाराम पठाइनेछ ।

३. दरभाउपत्र पेश गर्ने कम्पनि/फर्मले सो सँगै एउटा खाममा नविकरण गरिएको व्यवसाय संचालन गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र गत आ.व. सम्मको कर चुक्ता प्रमाणपत्र समेतको प्रतिलिपि संलग्न राख्नु पर्नेछ ।

४. दरभाउपत्र फाराम खरिद गरेका कम्पनि/फर्मले यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यलयमा दरभाउ पत्र दर्ता गराई सक्नुपर्नेछ । म्याद भित्र दर्ता भएका दरभाउ पत्रहरु सोही दिन दिनको २:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

६. दरभाउपत्र पेश गर्दा खामको बाहिर यस कार्यालयको नाम सम्बोधन गरी दरभाउपत्र नं. र कामको विवरण खुलाई सिलबन्दि गरी पेश गर्नुपर्नेछ ।

७.दरभाउपत्र दाताले धरौटी वापत कबोल अंकको न्यूनतम् ५ प्रतिशत रकम कोशी गाउँपालिकाको मेगा बैंक धरान शाखामा रहेको धरौटी खाता KOSHI RURAL MUNICIPALITY, KOSHI.GA.PA.OFFICE GA-3खाता नं. 0220010118957 मा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा ९० दिन [दरभाउपत्र दाखिला गर्ने कम्तिमा अन्तिम दिन बाट ] म्याद कायम रहेको वाणिज्य बैंक [क श्रेणी] बाट यस कार्यालयको नाममा जारी भएको बैंक जमानत [बिड बण्ड] दरभाउपत्र साथ संलग्न राख्नुपर्नेछ । दरभाउपत्र स्वीकृत भएमा दरभाउपत्र दाताले प्रचलित कानून बमोजिम जमानत रकम पेश गरी सम्झौता गर्नुपर्नेछ । कोभिड-19 महामारीका कारण बैंक हप्तामा १ दिन मात्र खुल्ने भएको हुँदा अनलाइन प्रणाली मार्फत समेत भूक्तानी गर्न सकिनेछ ।

८. दरभाउपत्रदाताले आफुले कबोल गरेको मु.अ.कर बाहेकको दररेट अंक र अक्षर दुवैमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा केरमेट गरी लेखेको स्थानमा सहीछाप गरेको हुनुपर्नेछ । यस कार्यालयबाट बिक्री नभएको, एउटा फर्मको लागि बिक्री भएको फाराम अर्को फर्मको तर्फबाट पेश भएको, दररेट अंक वा अक्षर दुवैमा नलेखिएको वा फर्मको तर्फबाट कुनै शर्त राखि पेश गरिएको दरभाउपत्रलाई मान्यता दिईने छैन । साथै म्याद नाँघी र रित नपुगी प्राप्त दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन ।

१०. बिड अफ क्वान्टिटीज [ BOQ]मा उल्लेखित सामाग्रीहरुको परिमाणमा थपघट भएमा दरभाउपत्रदाताले कबोल गरेको दररेटमा उपलब्ध गराउनुपर्नेछ ।

११. नक्कली कागजात पेश गरी वा मिलेमतो गरी शिलबन्दि दरभाउपत्रमा भाग लिएको पाइएमा त्यस्ता दरभाउपत्रदाताको दरभाउपत्र रद्द गरी कालो सूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

१२. आपुर्तिकर्ताले कृषि औजार बिक्री गर्ने Authorization letter अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ । अन्यथा उक्त दरभाउपत्र दातालाई मूल्यांकनमा समावेश गरिनेछैन ।

१३. कार्यालयको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. कुनै दरभाउपत्रदाताले दरभाउपत्रमा कुनै संशोधन गर्न वा दरभाउपत्र फिर्ता लिन सक्ने छैन ।

१५. दरभाउपत्र स्वीकृत भई यस कार्यालयले तोकेको अवधि भित्र एकै पटक सामाग्री उपलब्ध गराउनु पर्नेछ । आपुर्ति गरिने सामाग्रीहरुको केही अंश वा सम्पूर्ण समाग्रीहरु बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम कारबाही हुनेछ ।

१६. यो सूचनामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

खगेन्द्र गिरी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत